महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

पञ्चदेवल विनायक नगरपालिका

अछाम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४०५

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
पञ्चदेवल विनायक नगरपालिका,
विनायक।

कैफियत सहितको राय

हामीले **पञ्चदेवल विनायक नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. ४ करोड ९७ लाख १० हजार बेरुजु देखिएको छ । सोमध्ये मिति २०७८।८।३ मा प्राप्त प्रतिक्रियाबाट रु.१ करोड ९ लाख ८१ हजार फर्स्यौट भई सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ९८ लाख १९ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ७८ हजार, र पेस्की बाँकी रु.७७ लाख ८७ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु.२१ करोड ६९ लाख ३१ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२५ करोड ५६ लाख ५९ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

पञ्चदेवल विनायक नगरपालिका, अछाम

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगातै		सैद्धान्तिक	लगातै		सैद्धान्तिक	लगातै								
३३	१२०	४९७१०	०	९	१०९८१	४२	१११	३८७२९	१००४५	१०७८	१९८१९	०	०	२०८९७	७७८७

अद्यावधिक बेरुजु स्थिति
२०७७।७८

(रु. हजारमा)

गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको **फर्स्यौट**	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
२१६९३१	०	१	२१६९३०	०	३८७२९	२५५६५९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पंचदेवल विनायक नगरपालिका, अछाम , पंचदेववल विनायक नगरपालिका , अछाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	पदम बहादुर माझी	२०७६-४-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	ध्रुव बहादुर खत्री	२०७७-४-१	
लेखा प्रमुख	लोग बहादुर चलाउने	२०७८-९-१६	
		बेरुजु रकम	३८,७२९,२२४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६,२३,९७,९९९.२२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४९,४६,३४,३१२	चालु खर्च	४७,४१,५६,६३१.९६
प्रदेश सरकारबाट अनुदान	२,३८,३३,०००	पूँजीगत खर्च	१५,५६,०१,३६५
राजश्व बाँडफाँट	७,५३,६७,५२२.६४	वित्तीय/अन्य व्यवस्था	०
आन्तरिक आय	४५,४३,६६५.२८		
अन्य आय	१,१६,८५,८५६.४६		
कुल आय	६१,००,६४,३५६.३८	कुल खर्च	६२,९७,५७,९९६.९६
बाँकी मौज्दात		४,२७,०४,३५८.६४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, १४७.८वर्ग किलोमिटर क्षेत्रफल तथा २७ हजार ४८५ जनसंख्या रहेको छ । महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण योजना, २०७८ र ईकाइगत लेखापरीक्षण योजना लगायत लेखापरीक्षण अनुवन्धपत्र, लिखित प्रतिनिधित्वपत्र लगायत पेश भएसम्मका अन्य विवरण समेतलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरा प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसंग २०७८।६।२२ मा छलफल गरी कायम हुन आएका व्यहोरा निम्नानुसारछन् । **लेखापरीक्षणको क्रममा असुलीः** विद्यालयलाई तोकिएभन्दा बढी निकासा दिएको रकम रु.१५९४०००.०० एवं दोहोरो भत्ता भुक्तानी भएको रकम रु.७४१९३.०० समेत रु.१६६८१९३.००असुल भई रु.५९१६७.०० नगरपालिका संचित कोष र रु.१६०९०२६.०० संघिय संचितकोष दाखिला भएको छ । **<u>वित्तीयविवरणविश्लेषण</u>** **वित्तीय विवरणः**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधीलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • नगरपालिकाले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट नगरपालिकाको आषाढ मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.१७४९२१०.०० ले फरक देखिएको छ । • नगरपालिकाले संचित कोष हिसावमा विद्यालयले गत विगत वर्षको सशर्त अनुदान रकम फिर्ता गरेको रु.३२५४०१.०० समेत मौज्दातमा देखिएकोले उक्त रकम संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु. ***कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको रु.३२५४०१।– मिति २०७८।८।१३ मा फर्स्यौट भएकोमा*** *NAMS Digitization* ***गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहा दर्शाइएको हो ।*** • पूंजीगत खर्च खातामा स्रेस्ता अनुसार मौज्दात रु.३५६९०१०.०० बांकी रहेकोमा वैंक हिसाव मिलान गर्दा वैंक अनुसार रु.३३१८९००.०० मात्र वैंक बांकी रहेकोले घटी मौज्दातको सम्बन्धमा छानविन गरी एकिन गर्नुपर्ने रु.	२५०,११०

- कार्यालयको चालु खर्च खातामा स्रेस्ता अनुसार मौज्दात बाँकी नरहेकोमा बैंक हिसाव मिलान विवरण पश्चात समेत रु.११७३६९७.०० मौज्दात देखिएकोले बैंक बढी देखिएको रकम आम्दानी बाँध्नुपर्ने रु.

कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको रु.११७३६९७।– मिति २०७८।८।१३ मा फस्यौंट भएकोमा *NAMS Digitization* ***गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहा दर्शाइएको हो ।***

- यस नगरपालिकाले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी रु.५९७५०.००मौज्दात राखेको पाईयो ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२

बैंक हिसाव मिलान नगरेको

स्थानीयतह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीयतहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा नगरपालिकाले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गर्दा समेत देहायका खाताहरुमा देहाय वमोजिम मौज्दात फरक देखियो । फरक रकमको सम्बन्धमा एकिन गरी हिसाब मिलान गनुपर्दछ ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	संचितकोष खाता	२६८२६८८८.७८	२६५०१४८५.७८	३२५४०३.००
२	चालु खर्च खाता	०	११७३६९७.००	११७३६९७.००
३	पूंजीगत खर्च खाता	३५६९०१०.००	३३१८९००.००	२५०११०.००
४	आन्तरिक आय खाता	४५४३६६५.२८	४५४३६६५.२८	०
	जम्माः			१७४९२१०.००

३			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन। • नगरपालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीयतहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.४८५८९०४४.५१, पुँजीगत खर्च खातामा रु.४८७६६९४७.०० र विभाज्यकोषमा रु.५९७५०.०० समेत गरी रु.९७४१५७४१.५१ मौज्दात रहेको पाईयो । • नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • नगरपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने योजनाको बिश्लेषण गरी सम्भाब्य योजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिएको छैन । साथै भुक्तानीमा ETDS गरेको छैन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।	

			• नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • नगरपालिकाले योजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फवाट नगद लागत सहभागिता जुट्ने योजनालाई प्राथमिकता दिनु पर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ४० र प्रशासनिकतर्फ ४२ समेत ८२ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमश: १५ र ८ समेत २३ पदपूर्ती भएको छ । प्रमुख प्रशासकिय अधिकृत लगायत ५९ पद रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • नगरपालिकाले कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीयतहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस नगरपालिकाले हालसम्म १३ ऐन, ३ नियमावली, १७ कार्यविधि, निर्देशिका र आचार संहिता समेत ३३ कानुन एवं कार्यविधि निर्माण गरेको छ । तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
४			**बजेट पेश, पारित र अख्तियारी**	

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान नगर कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी आषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा नगर उप प्रमुख श्री अम्बिका चिलाउनेले २०७७।३।१० गते रु.४६ करोड ६५ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले २०७७।३।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५

अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले यो बर्ष रु.२ करोड ४१ लाख २७ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाले पटक पटकको रकमान्तर समेतको निर्णयवाट विभिन्न ३६ योजनामा रु.२ करोड ७३ लाख १३ हजार खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

६

चौमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
	पूंजीगत खर्च	१४१५३०	१९२८	१४८९०	१२४७१२	१०५९४४
	खर्च प्रतिशत		१.३६	१०.५२	८८.१२	७४.८६

नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा रु.१२ करोड ४७ लाख १२ हजार अर्थात कूल पूँजीगत खर्चको ८८.१२ प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा मात्र कूल पूँजीगत खर्चको ७४.८६ प्रतिशत खर्च देखिनुले वर्षान्तमा मात्र विकास निर्माण कार्यमा खर्च भएको देखिएकोले सन्तुलित खर्च भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

७

क्षेत्रगत बजेट र खर्च

स्थानीयतहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । नगरपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२६६३८६२०.००	२०९८३६९०.००	७८.७७
सामाजिक क्षेत्र	३४८९७८५९३.००	३०६०३९४४६.४९	८७.७
पूर्वाधार विकास क्षेत्र	७५८९१७५७.००	५६४०२२१३.००	७४.३१
सुशासन तथा अन्तरसम्बन्धित	६७२००००.००	५०८६९६५.००	७५.७
कार्य सन्चालन तथा प्रशासनिक	६८७६००००.००	५५०६६९३४.८०	८०.०९
जम्मा	५२६९८८९७०.००	४४३५७९२४९.२९	

यसबर्ष कुल आन्तिरक आयबाट रु.४५४३६६५.००राजस्व बाँडफाँड, अनुदान र अन्य आयवाट रु.६०५५२०६९१.०० समेत रु.६१००६४३५६.००आम्दानी भएकोमा चालु तर्फ रु.३०२०४९६४९.२९र पूँजिगत तर्फ रु.१४१५२९६००.००समेत रु.४४३५७९२४९.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०२प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.९८९८५००.०० खर्च भएको छ । जुन आन्तरिक आयको २१७.८५ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट रु.६८.०९ प्रतिशत चालु र रु.३१.९१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

८

कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ९३ जना कर्मचारीहरु करारमा राखी रु॰ १,९०,२२,६१६।- खर्च लेखेको छ ।

१,०४८,०००

			त्यसैगरी सोही ऐनको, २०७४ को दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि रबगँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले माथी उल्लेखित पद वाहेकको विभिन्न पदमा ४ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१०,४८,०००।- भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.	
९			**कल्याण कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीयतहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यसवर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५००००००.०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी नगरपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाटसोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. ***कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको रु.५००००००।– मिति २०७८।८।१३ मा फस्र्यौट भएकोमा*** *NAMS Digitization* ***गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहा दर्शाइएको हो ।***	
१०			**कर्मचारी प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । नगरपालिकाले कानून नबनाई यो बर्ष वडा सचिवको कार्य गरे वापत विभिन्न ९ जना कर्मचारीलाई वार्षिक रु.२७००००.०० प्रोत्साहन भत्ता खर्च गरेको छ । स्थानियतहले कानून नवनाई यस्तो खर्च लेख्न मिल्दैन ।	
११			**न्यायीक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको ४ गरी कुल ४ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछर्यौट भई १ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१२			**दोहोरो पदाधिकारी सुविधा** सुदूरपश्चिम प्रदेश स्थानियतहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी पहिलो संसोधन ऐन, २०७६ को अनुसूची १ (ख) मा सरकारी सवारी साधन लिर्ंइ र्ंइन्धन सुविधा लिने पदाधिकारीले अनुसूचीमा उल्लेख भए वमोजिमको मासिक यातायात खर्चको सुविधा नपाउने उल्लेख छ । नगरपालिकाले निम्नानुसारका	३६०,०००

पदाधिकारीलाई सरकारी सवारी साधन तथा ईन्धन सुविधा उपलब्ध गराएकोमा पुनः मासिक यातायात खर्च वापतको रकम भुक्तानी गरेकोले ऐनमा तोकिए विपरित भुक्तनी भएको दोहोरो सुविधा सम्वन्धित पदाधिकारीवाट असुल गर्नुपर्ने रु०

सि०नं०	पदाधिकारीको नाम	दोहोरो सुविधा रकम रु०
१	नगर उपप्रमुख श्री अम्बिका चलाउने	१२०००००००
२	वडाध्यक्ष श्री लक्ष्मीकान्त देवकोटा	३०००००००
३	वडाध्यक्ष श्री सुरेन्द्र कुमार शाही	३०००००००
४	वडाध्यक्ष श्री सज्जनवहादुर शाही	३०००००००
५	वडाध्यक्ष श्री कुलवहादुर वुढा	३०००००००
६	वडाध्यक्ष श्री पूर्णवहादुर रावल	३०००००००
७	वडाध्यक्ष श्री गोविन्दवहादुर रावल	३०००००००
८	वडाध्यक्ष श्री ताराप्रसाद खनाल	३०००००००
९	वडाध्यक्ष श्री रामवहादुर शाह	३०००००००
	जम्मा	३६०००००००

१३

विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१३३३०००.०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१४

आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस नगरपालिकाले औषधी उपचार तथा राहत स्वरुप यो वर्ष ७२ व्यक्ति एवं संघ संस्थालाई रु.१२३३४४०.०० आर्थिक सहायता वितरण गरेको पाइयो ।

			यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१५			**अनुदान फिर्ता** अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीयतहमा प्राप्त हने समपूरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०७८ आषाढ मसान्त सम्ममा संघीय सरकार शसर्त अनुदान वापत सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गर्न निकासा भएको रकमवाट आर्थिक वर्षको अन्त्यमा कार्यक्रम रद्द भएको कारण वचत रकम रु.३५६९०१०.०० संघिय ४७८ संचित कोष दाखिला हुनुपर्नेमा नगरपालिकाको पूँजीगत खातामानै मौज्दात रहेको प्रतिाद देखिएकोले उक्त रकम संघीय संचित कोष दाखिला हुनुपर्ने रु. ***कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको रु.३५६९०१०।– मिति २०७८।८।१३ मा फस्र्यौट भएकोमा*** *NAMS Digitization* ***गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहा दर्शाइएको हो ।***	
१६			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाले पञ्चदेवल क्याम्पसलाई यो वर्ष रु.५००००.००, भवानी मा.वि, मालिका मा.वि र विद्या मन्दिर नमूना मा.वि लाई ICT Labस्थापना गर्न प्रति विद्यालय रु.६५००००.०० का दरले रु.१९५००००.०० समेत रु.२४५००००.०० अनुदान दिइ खर्च लेखेको छ । तर नगरपालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीयतहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
१७			**नाफामूलक संस्थालाई अनुदान** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । नगरपालिकाले यो वर्ष चेतना महिला वहुउद्देश्यीय सरकारी संस्था भवन निर्माण गर्न अनुदान भनी रु.१९७४८९.०० दिएको छ । नाफामूलक संस्थाको कार्यालय भवन निर्माण कार्यको लागि अनुदान उपलव्ध गराउन मिल्ने देखिंदैन ।	
१८			**रसिद नियन्त्रण खाता** नगरपालिकाले आन्तरिक आय तर्फ प्रयोग हुने नगरी रसिद नियन्त्रण खाता राखेको पाईएन । गतवर्षको जिम्मेवारी रसिद थान, यो वर्ष छपाई गरेको रसिद थान, यस वर्षको खर्च र बांकी रसिद थानको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । यो वर्ष प्रयोग भएका सबै रसिद फिर्ता गरी आम्दानी एकिन गर्नुपर्दछ । यो वर्ष नगरपालिकाले रु.४५४३६५५.०० आम्दानी देखाएकोमा रु.२७५५९४४.०० को वैंक दाखिला गरेको भौचर पेश भएको र रु.१२५१४३६.५० वैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाएको र बांकी रसिदको सम्बन्धमा उल्लेख नगरेको कारण आम्दानी एकिन गर्न सकिएन ।	

१९			**ढिला दाखिला** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २/३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।	
२०			**दाखिला** नगरपालिकाको आम्दानीको स्रेस्ता परीक्षण गर्दा नगदी रसिदको साथै सफ्टवेयर मार्फत रसिद काटिएकोमा कतिपय वडाले आषाढमसान्त अगावै आम्दानी दाखिला गरेको देखियो । नगरपालिकाका अन्तर्गतका वडा नं १ ले वार्षिक आम्दानी रु.८४१९१.७४ देखाएकोमा रु.६९२२५.०० मात्र दाखिला गरेकोले नपुग रकम रु.१४९६६.०० असुल गरी दाखिला गर्नुपर्ने र निम्नानुसार वडा र न.पा अन्तर्गतका विषयगत शाखाले तल उल्लेखित मिति भन्दा पछि आषाढ मसान्तसम्मको नगदी रसिद र सफ्टवेयर मार्फत आम्दानी गरिएको रकमको सम्बन्धमा आम्दानी नदेखाएकोले यस सम्बन्धमा नगरपालिकाले छानविन गरी एकिन गरी बांकी आम्दानी रकम दाखिला गर्ने रु.	१४,९६६

https://nams.oag.gov.np

वडा नं	वैक दाखिला गरेको अन्तिम मिति	वार्षिक राजश्व आम्दानी रकम	कैफियत
१	२०७७।१२।२१	८४१९१.७४	रु.६९२२५.०० दाखिला गरेको र बांकी रकम रु.१४९६६.०० दाखिला गर्नुपर्दछ र मिति २०७८।१२।२१ पछिको आम्दानी नदेखिएकोले कार्यालयले छानविन गरी असुल गर्नुपर्ने।
२	२०७८।३।२८	६५३५५.००	मिति २०७८।३।२८ पछिको आम्दानी नदेखिएकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने ।
३	२०७८।३।२८	२३३०००.००	मिति २०७८।३।२८ पछिको आम्दानी नदेखिएकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने ।
४	२०७८।३।२३	१८०००१.००	मिति २०७८।३।२३ पछिको आम्दानी नदेखिएकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने ।
५	२०७८।३।२७	४२८०८.००	मिति २०७८।३।२७ पछिको आम्दानी नदेखिएकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने ।
६	२०७८।३।२९	२२९९१५.००	मिति २०७८।३।२९ पछिको आम्दानी नदेखिएकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने ।
७	२०७८।३।२०	५६६८७.००	मिति २०७८।३।२० पछिको आम्दानी नदेखिएकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने ।
८	२०७८।३।२०	१४००००.००	मिति २०७८।३।२० पछिको आम्दानी नदेखिएकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने ।
९	२०७८।३।२३	५४९००.००	मिति २०७८।३।२३ पछिको आम्दानी नदेखिएकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने ।

२१ — १३१,०००

एक्साभेटर प्रयोग

नगरपालिकाले आफ्नो स्वामित्वको एक्साभेटर स्थानिय विकास निर्माणमा प्रयोग गर्ने र उपभोक्ता समिति, निर्माण व्यवसायीलाई भाडामा उपलव्ध गराइ आय आर्जन गर्ने उद्देश्य रहेको छ । नगरपालिकाले लेखापरीक्षणलाई उपलव्ध गराएको विवरण अनुसार यो वर्ष डोजरमा रु.६५९३७०.०० को डिजेल प्रयोग गरी विभिन्न फर्मलाई भुक्तानी गरेको छ । साथै उक्त डोजर मर्मतको लागी रु.५४८३४१.०० समेत रु.१२०७७११.०० खर्च भएको छ । तर डोजर भाडाको आम्दानी हेर्दा वार्षिक रु.२४१८७५.०० मात्र आम्दानी भएको छ । डोजरको आम्दानीको तुलनामा ४९९ प्रतिशत संचालन खर्च भएको देखिन्छ । नगरपालिकाले स्थानीय सडक मर्मत तथा निर्माणमा डोजर प्रयोग गर्न दिएको कार्यादेश, लगवुक लगायतका कागजात लेखापरीक्षणमा पेश भएन । यसले गर्दा डोजरको यथार्थ आम्दानी एकिन गर्न सकिएन । यस सम्बन्धमा नगरपालिकाले थप छानविन गरी डोजर भाडा आम्दानी एकिन गर्नु पर्दछ । साथै विभिन्न व्यक्तिवाट आर्थिक वर्षको अन्त्यसम्ममा उठ्न बांकी डोजरको भाडा वापतको रकम रु.१३१०००.०० असुल गर्नुपर्ने रु-

२२

मुल्य अभिवृद्धि कर कट्टि

आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ ।नगरपालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.३६९७७४.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	३० प्रतिशत रकम
२७६-२०७८।३।३०	यूनिसा निर्माण सेवा	११८९८५७३६	१७७०९८६	२३०२२८	६९०६८
२७७-२०७८।३।३०	कालिका देवरुपा निर्माण सेवा	३००३८७३२८	२८०१३१९	३६४१७१	१०९२५१
२७३-२०७८।३।३०	साझा कन्स्ट्रक्सन	३०१६२६५५४	१७१३९४३	२२२८१२	६६८४३
२७४-२०७८।३।३०	के.एस.ए कन्स्ट्रक्सन	६०९७८६५२९	४१५६७४	५४०३७	१६२११
२७३-२०७८।३।३०	यूनिभर्सल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी	६१२६१५६५६	३८८१८०	५०४६३	१५१३९
२९०-२०७८।३।३०	तेरजाँही इन्जिनियरिङ्ग कन्सल्टेन्सी	६०९८६३४२४	२६४६०१	३४३९८	१०३१९
२९३-२०७८।३।३०	यूनिभर्सल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी	६१२६१५६५६	२१२६७४९	२७६४७७	८२९४३
	जम्मा				३६९४४७

३६९,७७४

२३

बढी भुक्तानी

जिल्ला प्रशासन कार्यालय अछामवाट प्रकाशित आर्थिक वर्ष २०७७।७८ को जिल्ला दररेटमा **Hydraulic excavator** को प्रति घण्टा रु.३५७०.०० र **Excavator with bocket** को प्रति घण्टा रु.२००६.०० दर निर्धारण गरिएको छ । उक्त दरमा **Ownership charges, operation charges (fuel) component, crew component, maintennance component** समावेश हुने उल्लेख छ। सो अनुरुप गरिएको दर विश्लेषणमा कार्यालयले सडक खन्ने काममा **Excavator** को ८० प्रतिशत र **Manual** २० प्रतिशत लाग्ने हिसावले लागत अनुमान तयार गरी सोही आधारमा मूल्यांकन गरी भुक्तानी गरेको छ । डोजर प्रयोग भएको सडकमा दक्ष र अदक्ष

८,०५६,२९५.२

कामदारको प्रयोग भएको नदेखिएकोले डोजरको दरभन्दा वढी दरले मुल्याङ्कन गरी उपभोक्ता समितिलाई देहाय वमोजिम वढी भुक्तानी भएको छ । वढी मूल्यांकन भएको रु.१००७०३६९.०० मा उपभोक्ता समितको योगदानको अंश २० प्रतिशतले हुने रु.२०१४०७३.०० घटाइ वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

योजनाको नाम	कटिङ्गको विवरण	परिमाण	लिएको दररेट	लिनुपर्ने दररेट	वढी मूल्यांकन
विनायक तालागाड राकम सडक	**Soft soil cutting**	७०५६ घ.मी	८४.८१	२५.५४	४१८२०९
	Hard soil cutting	४९१९ घ.मी	१०७.३९	३४.६७	३५७७०९
	Soft rock cutting	४९७ घ.मी	३१६.२०	७३.३८	१२०६८१
	Medium rock cutting	७६ घ.मी	५७३.७०	७३.३८	३८०२४
वडा कार्यालय भवन निर्माण	**Soft soil cutting**	४५१ घ.मी	८२.९३	२५.५४	२५८८२
	Hard soil cutting	४५७ घ.मी	१०५	३४.६७	३२१४०
	Soft rock cutting	१९३ घ.मी	२८०	७३.३८	३९८७७
	Medium rock cutting	१९३ घ.मी	६०४	७३.३८	१०२४०९
देवकी आधारभूत विद्यालय खेल मैदान निर्माण	**Soft soil cutting**	१८९० घ.मी	८४.८१	२५.५४	११२०२०
	Hard soil cutting	१२६० घ.मी	१०७.३९	३४.६७	९१६२७
पञ्चदेवल मष्टामण्डौ सडक मर्मत	**Soft soil cutting**	७२९ घ.मी	८२.९३	२५.५४	४१८३७
	Hard soil cutting	५८६ घ.मी	१०५	३४.६७	४२२१३
	Soft rock cutting	२९ घ.मी	२८०	७३.३८	५९९१
वान्ने लिडेमेला सडक	**Soft soil cutting**	९८७१ घ.मी	८४.८१	२५.५४	५८५०५४
	Hard soil cutting	६८६० घ.मी	१०७.३९	३४.६७	४९८८५९

					Soft rock cutting	४१७ घ.मी	३१६.२०	७३.३८	१०१२५५		
					Medium rock cutting	१७२ घ.मी	५७३.७०	७३.३८	८६०५५		
				लाम्पाटी लयगाउँ सडक निर्माण	**Soft soil cutting**	९३१ घ.मी	८२.९३	२५.५४	५३४३०		
					Hard soil cutting	१०१० घ.मी	१०५	३४.६७	७१०३३		
					Soft rock cutting	३९९ घ.मी	२८०	७३.३८	८२४४१		
					Medium rock cutting	१९१ घ.मी	६०४.४७	७३.३८	१०१४३८		
				घुमडँडा पिपलरुख सडक	**Soft soil cutting**	२०१३ घ.मी	८४.८१	२५.५४	११९३१०		
					Hard soil cutting	१४३३ घ.मी	१०७.३९	३४.६७	१०४२०७		
					Soft rock cutting	१९७ घ.मी	३१६.२०	७३.३८	४७८३५		
					Medium rock cutting	८७ घ.मी	५७३.७०	७३.३८	४३४२७		
				भवानी देवी मा.वि खेल मैदान निर्माण	**Soft soil cutting**	१८४६ घ.मी	८२.९३	२५.५४	१०५९४१		
					Hard soil cutting	१४७७ घ.मी	१०५	३४.६७	१०३८७७		
					Soft rock cutting	३६९ घ.मी	३०८.७०	७३.३८	८६८३३		
				छेप्रे लयाटी सडक निर्माण	**Soft soil cutting**	७४१ घ.मी	८२.९३	२५.५४	४२५२५		
					Hard soil cutting	७८८ घ.मी	१०५	३७.६७	५३०५६		
					Soft rock cutting	५८५ घ.मी	२८०	७३.३८	१२०८७२		

	Medium rock cutting	४३४ घ.मी	६०४.४७	७३.३८	२३०४९३
	Hard rock cutting	४९१ घ.मी	२३०५	२२५.४६	१०२१०५४
७ नं. वडा कार्यालय माटेथान ग्रा. सडक	**Soft soil cutting**	१७३४ घ.मी	८२.९३	२५.५४	८८५७१
	Hard soil cutting	१२६९ घ.मी	१०५	३७.६७	८५४४१
	Soft rock cutting	१०५ घ.मी	३०८.७०	७३.३८	२४७०८
अम्रेटी डोलेगौंडा ताताखाल खालेडाँडा सडक	**Soft soil cutting**	३९६२ घ.मी	८२.९३	२५.५४	२८४७६९
	Hard soil cutting	२६४१ घ.मी	१०५	३७.६७	१७७८१८
ताताखाल वुत्रेला ग्रामिण सडक	**Soft soil cutting**	१७५४ घ.मी	८२.९३	२५.५४	१००६६२
	Hard soil cutting	१२०२ घ.मी	१०५	३७.६७	८०९३०
	Soft rock cutting	१६८ घ.मी	३०८.७०	७३.३८	३९५३३
	Medium rock cutting	१६८ घ.मी	५५८.७०	७३.३८	८१५३३
परेखोला जौडिल्ला मोटेपडा मोटर वाटो	**Soft soil cutting**	२३७८ घ.मी	८४.८१	२५.५४	१४०९४४
	Hard soil cutting	१६०१ घ.मी	१०७.३९	३७.६७	१११६२१
	Soft rock cutting	६८ घ.मी	३१६.२०	७३.३८	१६५११
दुनी लयाटा दागोडे सडक निर्माण	**Soft soil cutting**	२३२१ घ.मी	८२.९३	२५.५४	१३३२०२
	Hard soil cutting	२४६३ घ.मी	१०५	३७.६७	१६५८३३

						Soft rock cutting	३५० घ.मी	२८०	७३.३८	७२३१७		
						Medium rock cutting	२६३ घ.मी	६०४.४७	७३.३८	१३९६७६		
					कटिया डुम्सीगडा जोगीवसाले सडक नि	**Soft soil cutting**	८०७३ घ.मी	८२.९३	२५.५४	४६३३०९		
						Hard soil cutting	५६८३ घ.मी	८२.९३	३७.६७	२५७२१२		
						Soft rock cutting	४५१ घ.मी	३०८.७०	७३.३८	१०६१२९		
					रातोमाटे कोशेडी ग्रामिण सडक	**Soft soil cutting**	१८७८ घ.मी	८२.९३	२५.५४	१०७७७८		
						Hard soil cutting	२०९० घ.मी	१०५	३७.६७	१४०७१९		
						Soft rock cutting	६८६ घ.मी	२८०	७३.३८	१४१६१४		
						Medium rock cutting	२७९ घ.मी	६०४.४७	७३.३८	१४८१७४		
						Hard rock cutting	६३ घ.मी	२३०५	२२५.४६	१३१०११		
					लिडेमेला वान्ने सडक	**Soft soil cutting**	५०३७ घ.मी	८२.९३	२५.५४	२८९०७३		
						Hard soil cutting	३४५७ घ.मी	१०५	३७.६७	२३२७५९		
						Soft rock cutting	१७० घ.मी	३०८.७०	७३.३८	४०००४		
					पार्टी कार्यालय स्वास्थ्य रुमाल ग्रामिण सडक	**Soft soil cutting**	१३९७ घ.मी	८२.९३	२५.५४	८०१७३		
						Hard soil cutting	१५४६ घ.मी	१०५	३७.६७	१०४०९२		
						Soft rock cutting						

				१०१ घ.मी	२८०	७३.३८	२०८६८
			Medium rock cutting	१०० घ.मी	६०४.४७	७३.३८	५३१०९
मटेला तेछ्रावाट वुढागडा ताम्कोट सडक	**Soft soil cutting**	३४७७ घ.मी	८२.९३	२५.५४	१९९५४५		
	Hard soil cutting	२३६० घ.मी	१०५	३७.६७	१५८८९८		
	Soft rock cutting	९९ घ.मी	३०८.७०	७३.३८	२३२९६		
चौकाडांडा खेल मैदान निर्माण	**Soft soil cutting**	१२६७ घ.मी	८२.९३	२५.५४	७२७१३		
	Hard soil cutting	१२२८ घ.मी	१०५	३७.६७	८२६८१		
रेम्नेकोट सजेना सडक	**Soft soil cutting**	१९४९ घ.मी	८४.८१	२५.५४	११५५१७		
	Hard soil cutting	१४८५ घ.मी	१०७.३९	३७.६७	१०३५३४		
	Soft rock cutting	२९० घ.मी	३१६.२०	७३.३८	७०४१७		
	Medium rock cutting	१९२ घ.मी	५७३.७०	७३.३८	९६०६१		
जम्माः					१००७०३६९		
२० प्रतिशत उ.स को योगदान					२०१४०७३		
वढी भुक्तानी					८०५६२९५		

२४

बढी मुल्याङ्कन

नगरपालिकाले योजना कार्यान्वयनको मूल्याङ्कन गरी भुक्तानी गर्दा उपभोक्ता समितिले पेश गरेको विल भरपाइ भन्दा वढीको मूल्याङ्कन गरी वढी भुक्तानी गरेको छ । प्राप्त विल भरपाई भन्दा वढी मूल्याङ्कन गरी भुक्तानी भएको देहाय

			वमोजिमको रकम असुल हुनुपर्दछ ।	
२४.१			२-२०७७।६।१ वाट वडा नं.६ को कालिकादेवी गैरीगाउँ पिपलरुख मन्दिर निर्माणको अन्तिम विल भुक्तानी गर्दा २२११.१० के.जी डण्डी प्रति के.जी रु.१२६.१७ लागेको मूल्याङ्कन गरेकोमा संलग्न विल भरपाई अनुसार प्रेम पूजा अर्डर एण्ड सप्लायर्सको १९४९ के.जी खरिदको मात्र विल संलग्न भएकोले २६२के.जीको वढी मूल्याङ्कन गरी वढी भुक्तानी भएको रु.३३०५६.०० असुल हुनुपर्ने रु.	३३,०५६
२४.२			३०-२०७७।११।२ वाट वडा नं.४ को चेतना प्रा.वि निर्माणको अन्तिम विल भुक्तानी गर्दा ९३६ के.जी डण्डी प्रति के.जि रु.१२८.८४ लागेको मूल्याङ्कन गरी भुक्तानी भएकोमा स्रेस्तामा एके ट्रेडर्सको ६४० के.जी डण्डी मात्र खरिदको विल संलग्न छ । विल भन्दा वढी २९६ के.जी डण्डी खपतको मूल्याङ्कन देखाइ वढी भुक्तानी भएको रकम रु.३८१३६.०० असुल हुनुपर्ने रु.	३८,१३६
२४.३			४२-२०७७।११।२६ वाट विजया आधारभूत विद्यालयलाइ फर्निचर खरिदको लागी रु.१४४०००.०० भुक्तानी गरेकोमा मूल्याङ्कनमा **Steel angle** ९७४ के.जी प्रति के.जी रु.१५२.७४ ले मूल्याङ्कन गरी भुक्तानी गरेकोमा स्रेस्तासाथ यूनिभर्सल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सीको ८८६ के.जी को मात्र विल संलग्न भएकोले विल भन्दा वढी भुक्तानी भएको ८८ के.जीको रु.१३४४१.०० असुल हुनुपर्ने रु.	१३,४४१
२४.४			२५०-२०७८।३।२२ वाट स्वास्थ्य चौकी भवन निर्माणको लागी रु.२८५०१५८.०० को अन्तिम मूल्याङ्कन गरी भुक्तानी गरेकोमा ४११२ के.जी डण्डी प्रति के.जी रु.१३५.१० ले मूल्याङ्कन गरेकोमा स्रेस्तासाथ लोक ट्रेडर्सको ३७७७ के.जी डण्डी मात्र खरिद भएको विल पेश भएकोले खरिद भएको विल भन्दा ३३५ के.जी वढी डण्डीको मूल्याङ्कन गरी रु.४५२५८.०० भुक्तानी भएको रकम असुल हुनुपर्ने रु-	४५,२५८
२४.५			७-२०७८।३।२४ वाट गडीखोला वस्रेगडा सिंचाइ योजनाको लागी रु.१११८६७९.०० मूल्यांकन गरी रु.८९२९२९.०० भुक्तानी गरेकोमा मूल्याङ्कनमा देहायको साइजको ग्याविनवक्स खरिद, एसेम्वल र प्याकिङ्गको भुक्तानी गरेकोमा स्रेस्तासाथ संलग्न विल मूल्याङ्कनको तुलनामा देहाय वमोजिम घटी देखिएकोले विल भन्दा वढी मूल्याङ्कन गरी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	९६,६५१

https://nams.oag.gov.np

ग्यावीनवक्स साइज	मूल्याङ्कन परिमाण	दर	खरिद विल	विल भन्दा वढी भुक्तानी
२x१x१ खरिद	२५ गोटा	३२२४.७८	१५ गोटा	३२२४७.००
२x१x१ एसेम्वल	२५ गोटा	१८५.५९	१५ गोटा	१८५५.००
२x१x१ प्याकिङ्ग एण्ड फिलिङ्ग	२५ गोटा	४४७३.२९	१५ गोटा	४४७३२.००
१.५x१x१ खरिद	१५ गोटा	२४४५.६४	१२ गोटा	७३३६.००
१.५x१x१ एसेम्वल	१५ गोटा	१३९.१३	१२ गोटा	४१७.००
१.५x१x१ प्याकिङ्ग एण्ड फिलिङ्ग	१५ गोटा	३३५४.९६	१२ गोटा	१००६४.००
जम्माः				९६६५१.००

२५

बढी भुक्तानी

Standard specification for Raod and Bridge works२०७५ को पेज नं ९ मा एउटै चेनेजमाCuttingरसोही चेनेजमा Fillingको कार्य गर्नुपरेमा फिलिङ्ग वरावरको परिमाण घटाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका सडक निर्माणको कार्य उपभोक्ता समिति मार्फत गराइ भुक्तानी गर्दा एउटै चेनेजमाCuttingतथाFillingको रकम उपभोक्ता समितिलाई भुक्तानी भएको छ । एउटै चेनेजको Cuttingतथा Fillingको रकम भुक्तानी गर्न मिल्ने नदेखिएकोले Back filling for structure को भुक्तानी गर्न मिल्ने नदेखिएकोले वढी भुक्तानी भएको देहायको रकम असुल हुनुपर्ने रु.

२४१,३०४

भौ.नं मिति	सडकको नाम	व्याक फिलिङ्ग परिमाण (घ.मी)	दर	रकम
७१-२०७७।१२।११	पन्चदेवल मष्ठामाण्डौ सडक	४०३.७५	६१.३९	२४७८४.००
८६.२०७७।१२।२४	लयाटी लयगाउँ सडक निर्माण	६३३	६१.३९	३८८७०.००
११९-२०७८।१।१५	क्षेप्रे लयाटी सडक	५३९	६१.३९	३३१२१.००
२०४-२०७८।३।२५	दुनीलयाटा दोगाडे सडक	१३५४	६१.३९	८३१६३.००
२३५-२०७८।३।२८	रातीमाटे कोसेडी ग्रामिण सडक	९९९	६१.३९	६१३६६.००
	जम्माः			२४१३०४.००

२६

बीमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको वाहेक रु.१० लाख भन्दा वढिको निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था छ । तर नगरपालिकाले निर्माण व्यवसायी मार्फत निम्नानुसारका निर्माण कार्य गराउने गरी ठेक्का सम्झौता गरेकोमा सम्झौतामा विमा गर्ने प्रावधान राखेको पाइएन । नियमावलीमा तोकिए वमोजिमको विमा गराई निर्माण कार्य गराउनु पर्दछ ।

सि.नं	निर्माण कार्यको नाम	निर्माण व्यवसायी	सम्झौता रकम
१	जनज्योती आधारभूत विद्यालय भवन निर्माण	हिरारत्न एण्ड एवि एसोसिएट्स	१९३६१०२.००
२	अम्विका मा.वि भवन निर्माण	यूनिसा निर्माण सेवा	२००१२१५.००
३	विद्यामन्दिर नमूना मा.वि भवन घेरा पर्खाल निर्माण	कालिका देवरुपा निर्माण सेवा	३३७१३४४.००
४	यूवावर्ष आधारभूत विद्यालय भवन निर्माण	साझा कन्स्ट्रक्सन	१९३६७५६.००
५	रांकु कालेडांडा भाटगाउँ तामकोट सडक	यूनिभर्सल कन्स्ट्रक्सन कन्सल्टेन्सी	५६२५०९७.००
६	वडा नं.३ स्वास्थ्यचौकी भवन निर्माण	सन्देश निर्माण सेवा	३४१३७४९.००

२७

न्यून प्रतिस्पर्धा

सार्वजिनक खरिद ऐन, २०६३ को दफा २६ मा वोलपत्रदाताले आपसमा मिलेमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो वोलपत्र रद्ध हुने व्यवस्था छ । नगरपालिकाले देहाय वमोजिमको निर्माण कार्य वोलपत्र मार्फत गराउंदा निर्माण व्यवसायीको न्यून मात्रामा संलग्नता भइ लागत अनुमानको तुलनामा न्यून प्रतिस्पर्धा भएको देखियो । न्यून प्रतिस्पर्धा हुंदा खरिद कार्य मितव्ययी भएको देखिंदैन । तसर्थ वोलपत्रमा मिलेमतो नभएको अवस्थामा मात्र नगरपालिकाले वोलपत्र स्वीकृत गर्नुपर्दछ ।

योजनाको नाम	लागत अनुमान	वोलपत्रमा प्रतिस्पर्धी सख्या	निर्माण व्यवसायीको कवुल अंक	लागत अनुमानको तुलनामा घटी प्रतिशत
जनज्योती आधारभूत विद्यालय भवन निर्माण	१९३६६२४.००	३	१९३६१०२.००	०.०२
अम्विका मा.वि भवन निर्माण	२००१२८८.००	३	२००१२१५.००	०.००३
विद्यामन्दिर नमूना मा.वि भवन घेरा पर्खाल निर्माण	३३९१८७१.००	३	३३७१३४४.००	०.६०
यूवावर्ष आधारभूत विद्यालय भवन निर्माण	१९४५६३२.००	३	१९३६७५६.००	०.४५
रांकु कालेडांडा भाटगाउँ तामकोट सडक	५६४१६०६.००	३	५६२५०९७.००	०.२९

२८

पूर्व निर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न नगरेमा सम्झौता वमोजिम सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ती तिर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले वडा नं.३ स्वास्थ्य चौकी भवन निर्माणको गर्न सन्देश निर्माण सेवासंग रु.३८५७५३६.०० मा २०७६।१०।३० भित्र कार्य सम्पन्न गर्ने गरी २०७६।३।१५ मा सम्झौता भएको छ । निर्माण व्यवसायीले निर्धारित समयमा कार्य सम्पन्न नगरेपछी २०७७।३।३० सम्म म्याद थप भएको पाइयो। तत्पश्चात म्याद थप भएको देखिएन । ३ नं. वडा कार्यालयको २०७८।१।२ को भुक्तानीको लागी शिफारिश गरेको पत्रको आधारमा निजले सोही मितिमा कार्य सम्पन्न गरेको देखिएकोले म्याद थप अवधी पश्चात २७० दिन ढिला गरी निर्माण कार्य सम्पन्न गरेकोले निजलाइ सम्झौता वमोजिम अधिकतम १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति वापत रु.३४१३७४.०० असुल गरी संचित कोष दाखिला हुनुपर्ने रु.

३४१,३७४

२९

निर्माण कार्यको गुणस्तर

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागी सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ । नगरपालिकाले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामाग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, ढुंङ्गा र सिमेन्टको गाहो लगाउने तथा ढलान कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेन्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता परीक्षण कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा

आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नुपर्दछ ।

३०

सार्वजनिक लेखपरीक्षण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७घ(३) मा उपभोक्ता समिति मार्फत गरेको कार्यको संन्चालन र मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता समितिमा निहित रहने गरी सम्झौता गर्नुपर्नेमा अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा सूचना टाँस गर्नुपर्ने र काम कारवाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुको सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।

३१

विद्यालय भवन निर्माण

नगरपालिकाले निर्माण गरेका संरचनाको अनुगमन समिति वडा कार्यालयवाट कार्य सम्पन्न भएको शिफारिस प्राप्त भएपछी प्राविधिक मूल्याङ्कनको आधारमा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछी अन्तिम किस्ता भुक्तानी गर्नुपर्नेमा देहायका कतिपय विद्यालय भवन निर्माणको लागी सम्झौता भएको छोटो अवधीमै कार्य सम्पन्न प्रतिवेदन तयार भएको, अनुगमन समितिले शत प्रतिशत कार्य सम्पन्न भएको प्रतिवेदन नदिएको, कतिपयमा अनुगमन समितिका सम्पूर्ण सदस्यको हस्ताक्षर नभएको, कतिपयमा वडा कार्यालयको शिफारिस नभएको र निर्माण कार्यको गुणस्तर परीक्षण नगरी भुक्ती गरेको पाइयो । यसरी छोटो अवधीमै भवन निर्माण सम्पन्न देखाई भुक्तानी गर्नाले गुणस्तरीय विद्यालय भवन निर्धारित समयमै निर्माण सम्पन्न भएको एकिन हुन सक्दैन । समयमै निर्माण कार्यको सम्झौता गरी गुणस्तरिय निर्माण कार्य गराउन नगरपालिकाले ध्यान दिनुपर्दछ ।

विद्यालय भवन	लागत अनुमान	मूल्याङ्कन	भुक्तानी	सम्झौता मिति	सम्पन्न मिति
रुपादेवी आ.वी भवन निर्माण	५२५१६८३	५१०७६८३	३४४८१९६	२०७७।१२।२६	२०७८।३।२३
कुइकाले प्रा.वि भवन निर्माण	२२९५७११	२२९५७११	१७२६३७४	२०७८।२।२२	२०७८।३।२५
धनवन्तरी मा.वि भवन निर्माण	२१६३५३५	२१६०६१५	१७२५६६६	२०७८।२।१७	२०७८।३।२८
ऋषिकूल मा.वि भवन निर्माण	४७८३३३०	४७७४३००	३४४९४८२	२०७८।२।३०	२०७८।३।२८
रामजानकी आधारभूत वि,	२२५३४४७	२२५२०१४	१७२६९०१	२०७८।२।१४	२०७८।३।२८

https://nams.oag.gov.np

३२			**मुल्याङ्कन र बील भरपाई** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले संघिय सशर्त पूँजीगत शिर्षकवाट नमूना माध्यामिक विद्यालय विद्यामन्दिर मा.वि वडा नं.३ लाई भौतिक पूर्वाधार निर्माण अनुदान वापत रु.१,००,००,०००.०० र व्यवस्थापकिय कार्यान्वयन अनुदान वापत रु.५०००००००.०० विद्यालयको खातामा निकाशा दिई खर्च लेखेको छ । विद्यालयले उक्त रकमवाट खर्च गरेको विल भरपाई सहितको प्राविधिक मूल्याङ्कन लेखापरीक्षणमा पेश भएको छैन । आर्थिक वर्षको अन्त्यमा खर्च नभएको रकम संघिय सरकारको संचितकोष दाखिला हुनुपर्नेमा कार्य प्रगती वेगर विद्यालयको खातामा निकाशा दिई खर्च लेखेको छ । उक्त खर्चको विल भरपाइ सहितको प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	१५,०००,०००
३३			**हेभी इक्विपमेन्टको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायवाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन:	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
१०-२०७७।८।१४	विनायक तालागाड राकम सडक	सडक निर्माण	११२५१२०	एक्साभेटर	११२५१२०
३६-२०७७।११।२३	वडा कार्यालय भवन निर्माण	ग्राउण्ड कटिङ्ग	६१८७२७	एक्साभेटर	२१८३६५
६६-२०७७।१२।९	देवकी आधारभूत विद्यालय खेल मैदान निर्माण	खेल मैदान निर्माण	२३३९८१	एक्साभेटर	२३३४१८
७१-२०७७।१२।११	पञ्चदेवल मष्टामाण्डौ सडक निर्माण	सडक निर्माण	१४३५८०	एक्साभेटर	१४३५८०
८३-२०७७।१२।१६	वान्ने लिडेमेला सडक निर्माण	सडक निर्माण	१७२४१७६	एक्साभेटर	१७२४१२६
८६-२०७७।१२।२४	लाम्पाटी लयगाउँ सडक निर्माण	सडक निर्माण	३८३२२१	एक्साभेटर	३८३२२१
९०-२०७७।१२।२६	घुमडाँडा पिपलरुख सडक निर्माण	सडक निर्माण	४१९६०६	एक्साभेटर	४१९६०६
११५-२०७८।१।१३	भवानीदेवी मा.वि खेल मैदान	खेल मैदान निर्माण	३३४०९९	एक्साभेटर	३३४०९९
११९-२०७८।१।१५	छेप्रे लयाटी सडक निर्माण	सडक निर्माण	१८०५५९३	एक्साभेटर	१८०५५९३
१५३-२०७८।३।	७.नं वडा कार्यालय देखि माटेथान ग्रामिण	सडक निर्माण	२७१५४४	एक्साभेटर	२७१५४४

१६	सडक				
१६१-२०७८।३।१८	अम्रेटी डोलेगौरा नानाखाल खालेडाँडा सडक	सडक निर्माण	४८०८५०	एक्साभेटर	४८०८५०
१७१-२०७८।३।२१	नानाखाल वुत्रेला ग्रामिण सडक	सडक निर्माण	४४३१८३	एक्साभेटर	४४३१८३
१९८-२०७८।३।२४	परेखोला जौडिल्ला मोटेपडा मोटरवाटो	सडक निर्माण	३२७१४९	एक्साभेटर	३२७१४९
२०४-२०७८।३।२५	दुनी लयाँटा दोगाडे सडक	सडक निर्माण	६७१९६२	एक्साभेटर	६७१९६२
२०७-२०७८।३।२५	गैरीगाउँ दोगाडे सडक	सडक निर्माण	९५८०५४	एक्साभेटर	९५८०५४
२११-२०७८।३।२५	कटिया डुम्सीगडा जोगीवसाले सडक	सडक निर्माण	११४८७१०	एक्साभेटर	११४८७१०
२३५-२०७८।३।२८	रातीमाटे कोशेडी ग्रामिण सडक	सडक निर्माण	८२३९९८	एक्साभेटर	८२३९९८
२४९-२०७८।३।२९	लिडीमेला वान्ने सडक	सडक निर्माण	७८५६०९	एक्साभेटर	७८५६०९
२६०-२०७८।३।३०	मटेला तेछ्रावाट वुढागडा ताम्कोट सडक	सडक निर्माण	५२१४५०	एक्साभेटर	५२१४५०
९-२०७८।३।२४	रेम्नेकोट सजेना सडक	सडक निर्माण	९५२५३९	एक्साभेटर	९५२५३९

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३४

जटिल संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण जस्तो जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
३५-२०७८।३।२८	रुपादेवी आ.वि भवन निर्माण	भवन निर्माण	३४४८१९६.००
३९-२०७८।३।२६	कुइकाले प्रा.वि भवन निर्माण	भवन निर्माण	१७२६३७४.००
४१-२०७८।३।२९	धनवन्तरी मा.वि भवन निर्माण	भवन निर्माण	१७२५६६७.००
४८-२०७८।३।३०	ऋषिपुल मा.वि भवन निर्माण	भवन निर्माण	३४४९४८२.००
५१-२०७८।३।३०	रामजानकी आधारभूत विद्यालय भवन निर्माण	भवन निर्माण	१७२६९०१.००

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३५

बढी ग्रेड रकम निकासा

पारित तलबी प्रतिवेदन अनुसार तलब भत्ता निकासा गर्नुपर्दछ । नगरपालिकाले निम्नानुसारका विद्यालयमा कार्यरत शिक्षकको प्रथम चौमासिकको तलब भत्ता एवं चाडपर्व खर्च बापतको रकम निकासा दिँदा पारित ग्रेड रकम भन्दा बढी ग्रेड रकम निकासा दिएको देखियो ।अतः पारित ग्रेड भन्दा बढी ग्रेड रकम निकासा दिएको रकम असुल गर्नुपर्ने रु.

१५,३७०

सि.नं.	विवरण	बढी निकासा भएको ग्रेड रकम (क.सं. कोष थप समेत)
१	प्रा.वि. शिक्षक श्री कृष्ण बहादुर साउद भवानी आधारभूत विद्यालय	४७८९.८०
२	प्रा.वि. शिक्षक श्री वीर बहादुर शाहीः विद्यामन्दिर नमुना माध्यमिक विद्यालय	७२६८.४०
३	प्रा.वि. शिक्षक श्री लक्ष्मीकान्त चौधरीः नवदुर्गा आधारभूत विद्यालय	४७८९.८०
४	प्रा.वि. शिक्षक श्री छत्रबहादुर शाहीः नवदुर्गा आधारभूत विद्यालय	४७८९.८०
	जम्मा	२२६३७.८०

कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको श्री वीर बहादुर शाहीको रु.७२६८।४० मिति २०७८।८।१३ मा फस्यौंट भएकोमा *NAMS Digitization* ***गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहा दर्शाइएको हो ।***

३६ — १५,९६६

सञ्चयकोष थप भुक्तानी

नगरपालिकाले गो. भौ.नं.१२७-२०७८।३।१३ बाट अन्तिम त्रैमासिकको शिक्षकहरुको तलब भत्ता बापतको रकम निकासा दिंदा पञ्चदेवल आधारभूत विद्यालयका राहत शिक्षक द्वय द्रोपति अधिकारी र पार्वति बजगाईलाई कर्मचारी सञ्चय कोष थप १० प्रतिशतले हुने रकम रु.१५९६६.०० समेत निकासा दिएको देखियो । राहत शिक्षकलाई दिन नमिल्ने कर्मचारी सञ्चयकोष थप बापतको उक्त रकम असुल गर्नुपर्ने रु.

३७ — ७७,९४२

बढी निकासा

नगरपालिकाले यूवा वर्ष आधारभूत विद्यालयका शिक्षक हरिकला कडायतको २०७७ श्रावण देखि कार्तिकसम्मको चाडपर्व खर्च समेत निकासा भएकोमा निजको २०७७ असोजको अन्त्यमा सरुवा भइ अन्यत्र रमाना भएकोले १ महिनाको वढी निकासा भएको रु.३१६७१.०० र देवकी आधारभूत विद्यालयका शिक्षक हरिराम खरुको २०७७ मार्ग देखि चैत्रसम्मको तलव र पोशाक खर्च निकासा भएकोमा निज २०७७ फागुन मसान्तमा रमाना भएको देखिएकोले चैत्र महिना र पोशाक खर्च वढी निकासा दिएको रु.४६२७१.०० समेत जम्म वढी निकासा भएको रु.७७९४२.०० असुल गर्नुपर्ने रु.

३८

सामाजिक एवं आर्थिक लेखापरीक्षण

नगरपालिका अन्तर्गतका ६१ विद्यालयलाई सामाजिक एवं अर्थिक लेखापरीक्षण अनुदान बापत गो.भौ.नं.१३४-२०७८।३।१४ बाट तोकिए अनुसार रु.६६५०००.०० अनुदान निकासा भएकोमा उक्त विद्यालयहरुले सामाजिक एवं आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अतः तोकिए अनुसार लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

३९			**परीक्षा** नगरपालिकाले कक्षा ८ को परीक्षा सञ्चालन बापत १९ विद्यालयलाई गो.भौ.नं.१३६-२०७८।३।१४ बाट रु.१६२४००.०० अनुदान निकासा गरेकोमा यसवर्ष कोभिड-१९ महामारीका कारण परीक्षा सञ्चालन हुन नसकेकोले उक्त अनुदान रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.	१६२,४००
४०			**कार्य प्रगति पेश नगरेको** नगरपालिकाले उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान बापत विद्यामन्दिर नमूना माध्यमिक विद्यालयलाई रु.२००००००.००, गणित अङ्ग्रेजी र विज्ञान विषयको किट्स खरिद बापत शारदा मध्यमिक विद्यालय, सरस्वती आधारभूत विद्यालय र मंगलेश्वरी आधारभूत विद्यालयलाई प्रति विद्यालय रु.५००००.०० का दरले रु.१५००००.०० एवं अम्बिका माध्यमिक विद्यालयलाई आईसिटी ल्याब व्यवस्थापन बापत रु.६५००००.०० अनुदान निकासा गरेकोमा प्रस्तावना एवं कार्यविधि अनुसार तोकिएबमोजिम खर्च गरेको देखिने कार्यप्रगति प्रतिवेदन विद्यालयले पेश नगरेको एवं नगरपालिकाले अनुगमन गरेको नदेखिएकोले सोको पुष्टयाई पेश हुनुपर्ने देखिएको रु.	१,०००,०००
४१			**अनुदानको अनुगमन** कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यालयलाई विभिन्न कार्यक्रममा निकासा भएको अनुदान रकम उपयोगको प्रगति प्रतिवेदन विद्यालयले स्थानीयतहमा पेश गर्नुपर्ने र सोको अनुगमन स्थानीयतहले गर्ने व्यवस्था उल्लेख छ। नगरपालिका अन्तर्गतका ६१ सामूदायिक विद्यालयलाई तोकिए बमोजिम इन्टरनेट जडान अनुदान बापत रु.७३२०००.००, प्रारम्भिक पढाई सिप विकास न्यूनतम प्याकेज कार्यक्रम बापत रु.५४९०००.००, पुस्तकालय व्यवस्थापन आइसिटी ल्याब व्यवस्थापन र विज्ञान प्रयोगशाला व्यवस्थापन अनुदान बापत ६ विद्यालयलाई प्रति विद्यालय रु.६५००००.०० का दरले ३९००००००.०० अनुदान निकासा गरेकोमा उक्त अनुदान रकम उपयोग तोकिए बमोजिम भए नभएको सम्बन्धमा नगरपालिकाले अनुगमन गरेको देखिएन । तोकिए बमोजिम अनुगमन गरी दिएको अनुदान रकमको सदुपयोग सम्बन्धमा आश्वस्त हुनुपर्दछ ।	
४२			**छात्रवृत्ति** नगरपालिकाले कक्षा १ देखि कक्षा ८ सम्म सामूदायिक विद्यालयमा अध्ययनरत ६१ विद्यालयका ४७९७ छात्रा एवं १६५२ दलित छात्रलाई प्रति विद्यार्थी रु.४००.०० का दरले छात्रवृत्ती बापतको रकम रु.२५७९६००.०० र विद्यामन्दिर नमूना आधारभूत विद्यालयमा अध्ययनरत १० विद्यार्थीलाई आवासीय छात्रवृत्ती बापत ४००००.०० का दरले रु.४००००००.०० अनुदान निकासा गरेकोमा विद्यालयको छात्रवृत्ति वितरणको निर्णय, विद्यार्थीको नामनामेसी सहितको विवरण एवं तोकिए अनुसार छात्रवृति वितरणको पुष्याई हुने प्रमाण एवं सोको अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन ।अतः तोकिए अनुसार छात्रवृति वितरण भएको पुष्ट्याई पेश हुनुपर्ने रु.	२,९७९,६००
४३			**सेनेटरी प्याड**	

https://nams.oag.gov.np

			सामूदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यविधिमा उल्लिखित प्रक्रिया अनुसार वार्षिक १० महिना अवधिका लागि निःशुल्क सेनेटरी प्याडको व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सोको मुख्य जिम्मेवारी सम्बन्धित स्थानीय निकाय र विद्यालयको हुने कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था छ । नगरपालिकाले बोलपत्रको माध्यमबाट २०७८।३।३० मा २२००० प्याकेट सेनेटरी प्याड खरिद गरी रु.२००१२३०।- भुक्तानी गरेको देखियो । वास्तविक मागका आधारमा समयमै खरिद एवं हस्तान्तरण नगरी मौज्दात रहने गरी वर्षान्तमा खरिद गर्ने, वर्षान्तमा मौज्दातमा रहेको परिमाण अर्को आर्थिक वर्षमा आम्दानी समेत नसार्ने एवं हस्तान्तरण भएको सामानको आवश्यकता र उपयोगको सम्बन्धमा अनुगमन मूल्याङ्कन नगर्ने परिपाटिले कार्यक्रमको लक्षीत उद्देश्य पुरा नहुने हुँदा नगरपालिकाले यसतर्फ सुधार गर्नुपर्दछ ।	
४४			**तलवी प्रतिवेदन** तलव भत्ता खर्च लेख्दा तलवी प्रतिवेदन पारित गरी सो अनुसार खर्च लेख्नुपर्दछ । नगरपालिकाले स्वास्थ्य तर्फ अ.हे.व. विजय कुमार सिंहको तलब भत्ता बापत रु.४२६७२१.७० र आयूर्वेद तर्फ बैद्य गीता कुमारी बुढाको तलबभत्ता बापत रु.५६३०४५.६० खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको नियमसङ्गत देखिएन।तलवी प्रतिवेदन पारित नगरी लेखेको तलव खर्च यकिन नहुने हुँदा अनिवार्य रुपमा तलवी प्रतिवेदन पारित गराई सो अनुसार तलव भत्ता खर्च लेख्नुपर्दछ ।	
४५			**बढी भुक्तानी** नगरपालिकाले आयूर्वेद तर्फ बैद्य गीता कुमारी बुढाको तलव भत्ता बापतको रकम खर्च लेख्दा तलबी सिटमा जोडजम्मा फरक पारी खर्च लेखेका कारण निजलाई रु.१९५१२.९० बढी भुक्तानी भएको देखियो अतः तलवी सिटमा जोडजम्मा फरक पारी बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु. ***कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको रु.१९५१२।९० मिति २०७८।८।१३ मा फर्स्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहाँ दर्शाइएको हो ।***	
४६			**बढी ग्रेड भुक्तानी** पारित तलबी प्रतिवेदन अनुसार तलब भत्ता भुक्तानी गर्नुपर्दछ। नगरपालिकाले निम्नानुसारका कर्मचारीको तलब भत्ता बापतको रकम भुक्तानी दिदा पारित ग्रेड रकम भन्दा बढी ग्रेड रकम भुक्तानी दिएको देखियो ।अतः पारित ग्रेड भन्दा बढी ग्रेड रकम भुक्तानी दिएको देखिएकोले असुल गर्नुपर्ने रकम रु.	३७,०१८

सि. नं.	विवरण	रकम	कैफियत
१	अनमी भुमिसरा रावल	११२८०.००	श्रावण-बैशाखसम्म, चाडपर्वको समेत
२	अ.है.व. प्रकाश बहादुर चन्द	१०६४४.००	
३	हे.अ. जितेन्द्र के.सी.	११२८०.००	
४	अ.हे.व. नगराज बराल	३८१४.१०	श्रावण देखि अश्विनसम्म चाडपर्वको समेत
	जम्माः	३७०१८.१०	

४७			**दोहोरो भत्ता** भ्रमण खर्च नियमावली, २०६४ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारी दैनिक भत्ता उपभोग गरेको अवधीभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ ।नगरपालिकाले निम्नानुसारका कर्मचारीलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराएकोमा भ्रमण अवधिको स्थानीय भत्ता कट्टा नगरी भुक्तानी गरेको देखियो । अतः दोहोरो भुक्तानी भएको भत्ता रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.	४०,४३८

https://nams.oag.gov.np

गो.भौ.नं. मिति	विवरण	रकम
१६,४८,५८,१४८,२७१-२०७८।३।२५	जीतेन्द्र के.सी.	८२६५.००
१६,४८,५८,६७,१४८,२७१-२०७८।३।२५	अर्जुन बहादुर बम	१०२८५.००
१६,४८-२०७७।११।२०	पंखराज सञ्ज्याल	२३००.००
१७,४८,५८,६७,१४८,२७१-२०७८।३।२५	लक्ष्मीकान्त बजगाई	२३४६६.००
१७,१९,३३,६७,७०,,७८,१०८,११८,१६४,१६५,१७९,२७१-२०७८।३।२५	पदम बहादुर माझी	२२५८५.००
१७,१९,६७,७०,,७८,१०८,११८,१६४,१६५,१७९,२७१-२०७८।३।२५	ध्रुव बहादुर खत्री	११७५६.००
१७,३३,६७,७०,७८, १७९-२०७८।३।२५	जनक बहादुर बुँढा	५५१५.००
१०८,११८, २७१-२०७८।३।२५	खेमराज ढकाल	४५९२.००
४८, ५८, ६७-२०७७।१२।०९	नगराज बराल	३२२०.००
४८, ५८, ६७,१४८-२०७८।३।१६	पदम प्रसाद प्याकुरेल	५०६०.००
५८-२०७७।११।२६	खगराज न्यौपाने	१३८०.००
५८-२०७७।११।२६	मूनिचन्द्र न्यौपाने	१३८०.००
५८-२०७७।११।२६	दिपक थारु	१३८०.००
१७९,२७१-२०७८।३।२५	पदमराज तिमिल्सैना	१६५३.००
७०,७८,१७९,२७१-२०७८।३।२५	भुपेन्द्र अधिकारी	३१२३.००
१६५,२७१-२०७८।३।२५	ललित बहादुर बुढा	३५२०.००

२७१-२०७८।३।२५	लोकेन्द्र बहादुर रावल	११०२.००
१६४-२०७८।३।२१	दुर्गा कुमारी शाही	२७६०.००
११८-२०७८।३।११	नरेश न्यौपाने	११७३.००
६७, ७०-२०७७।१२।०९	भरत बहादुर खत्री	१६५३.००
जम्मा		११९४६८.००

कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको लक्ष्मिकान्त बजगाई, पदम बहादुर माझी, ध्रुव बहादुर खत्री, जनक बहादुर बुढा, खेमराज ढकाल, भुपेन्द्र अधिकारी, ललित बहादुर बुढा र नरेश न्यौपानेको रु.७९०३०।- मिति २०७८।८।१३ मा फस्यौंट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहाँ दर्शाइएको हो ।

४८

औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस वर्ष नगरपालिकाले रु.१७१७४०७.०० को औषधी खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

४८.१ खरिद गरेका उक्त औषधी कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको,

४८.२ आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,

४८.३नेपाल सरकारद्वारा निःशुल्क रुपमा वितरण गर्नुपर्ने भनी तोकिएका औषधीहरुमा लोगो सहित निःशुल्क वितरण गर्नुपर्ने भनी उल्लेख गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले औषधी खरिदको सम्झौता गर्दाऔषधीको कभरिङ्गमा तोकिए बमोजिम नेपाल सरकारबाट निःशुल्क वितरणका लागि भनी लोगो सहित उल्लेख गर्नुपर्ने गरी सम्झौता गरेको देखिएन ।

४८.४ आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघी स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको,

४८.५ औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

तसर्थ तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण गर्ने एवं निशुल्क रुपमा वितरण गर्नुपर्ने भनी तोकिएका औषधीमा लोगो सहित निःशुल्क वितरण गर्नुपर्ने भनी उल्लेख गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

४९			**पोषण सामग्री खरिद** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्चको पुष्टयाई हुने बिल भरपाई संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने उल्लेख छ । नगरपालिकाले अन्तर्गतका ९ वडामा सूनौला हजार दिनका आमाहरुको पोषण सुधारका लागि वितरण गर्ने कार्यक्रम अनुसार प्रेम पूजा जनरल स्टोरबाट ४०००० के.जी. चामल, ६००० के.जी. चना, २००० पिस साबुन, २००० लीटर तेल र २००० के.जी. आयोनन खरिद गरी गो.भौ. नं.२१०-२०७८।३।२९ बाट रु.४५५९९९६.०० खर्च लेखेकोमा लेखापरीक्षण अवधीसम्म ५ वडामा आंशिक रुपमा मात्र वितरण भएको र अन्य ४ वडामा लाभग्राहीलाई सामग्री वितरण गरेको देखिएन । समयमै आवश्यकताका आधारमा खरिद एवं वितरण नगरी वर्षान्तमा बजेट फ्रिज हुन नदिने उद्देश्यले खरिद गर्ने कार्य नियमित देखिएन । साथै खरिद गरेका सामग्रीको सन्दर्भमा लाभग्राही छनौटको निर्णय एवं नामनामेसी सहितको विवरण, सो बमोजिम लाभग्राहीले पोषण सामग्री बुझेको भरपाई एवं नगरपालिकाले अनुगमन गरेको प्रमाण बेगर खर्च लेखेकोले सोको पुष्टयाई पेश हुनुपर्ने रु. ***कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको रु.४५५९९९६।- मिति २०७८।८।१३ मा फस्र्यौट भएकोमा*** *NAMS Digitization* ***गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहाँ दर्शाइएको हो ।***	
५०			**लागत सहभागिता** लघुउद्यम विकास कार्यक्रम अन्तर्गत कृषकको २० प्रतिशत सहलगानीमा प्रजननयोग्य बाख्रा खरिद एवं वितरण कार्यका लागी गो.भौ.नं.२००, २०१-२०७८।३।२७ बाट ८७ बाख्रा खरिद गरेको उल्लेख गरी मालिका त्रिशुली पशुपंक्षीपालन फर्मलाई रु.२२१७६०.०० र अम्मर बाख्रा फारामलाई रु.४९४७६०.०० भुक्तानी गरेकोमा जोरायल डोटीबाट खरिद गरेको उल्लेख भएका बाख्राको क्वारेन्टाइन चेकजाँचको प्रमाणपत्र पेश नभएकोले यथार्थता यकिन हुन सकेन । साथै खरिद एवं वितरण भएका बाख्राको बिल बमोजिमको सम्पूर्ण रकम नगरपालिकाद्वारा भुक्तानी भएको देखिएकोले कृषकको लागत सहभागिता बापतको २० प्रतिशतले हुने रकम असुल गर्नुपर्ने देखिएको रु.	१४३,३०४
५१			**करकट्टी** नगरपालिकाले साना व्यवसायिक कृषि उत्पादन केन्द्र तरकारी पकेट विकास कार्यक्रम अन्तर्गत काँडाखेत नमूना कृषक समूहलाई गो.भौ.नं.२०८-२०७८।३।२९ बाट रु.६५७००.०० भुक्तानी गरेकोमा अनुगमन भत्ता बापतको रकममा नियमानुसार १५ प्रतिशतले हुने कर रकम रु.४०५०.०० कट्टा दाखिला गरी भुक्तानी दिनुपर्नेमा करकट्टी नगरेकोले कर रकम असुल गर्नुपर्ने देखिएको रु.	४,०५०
५२			**नर्म्सभन्दा बढी खर्च** अर्थ मन्त्रालयद्वारा जारी कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ मा तालिम सञ्चालन गर्दा एउटा कक्षाको अवधि कम्तीमा १ घण्टा ३० मिनेटको हुनुपर्ने उल्लेख छ । नगरपालिकाले गो.भौ.नं. ५८-२०७७।११।२६ बाट २ चरणमा ७ दिने बृहत पोषण प्याकेज तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गरे बापत जनक बुँढाको नाममा रहेको रु.६३२३४०.०० पेश्की फछ्र्यौट गरी भुक्तानी दिएकोमा पहिलो चरणको कार्यक्रममा ४१ कक्षाको र दोस्रो चरणमा ४० कक्षाको प्रशिक्षक भत्ता बापतको रकम भुक्तानी गरेको देखियो । तालिम कक्षाको न्यूनतम अवधी अनुसार प्रतिदिन ४ वटा कक्षाको दरले २८ कक्षाले २ चरणको कार्यक्रममा ५६ कक्षाको प्रशिक्षक भत्ता	२९,७५०

			दिन मिल्नेमा ८१ कक्षाको प्रशिक्षक भत्ता भुक्तानी दिएको देखियो । तोकिएको न्यूनतम अवधिभन्दा कम अवधिको कक्षा तय गरी प्रशिक्षक भत्ता भुक्तानी दिएको देखिएकोले २५ कक्षाको रु.१४०० का दरले बढी भुक्तानी भएको प्रशिक्षक भत्ता रकम (कर रकम बाहेकको) दिन मिल्ने आधार नदेखिएको रु.	
५३			**बढी खर्च** अनमी दुर्गा कुमारी शाहीले ६ स्वास्थ्य चौकीमा २ चरणमा ग्रामीण अल्ट्रासाउण्ड शिविर सञ्चालन गरेको उल्लेख गरी गो.भौ.नं.१६४-२०७८।३।२१ बाट रु.१००००००.०० नगरपालिकाले कार्यक्रम पेश्की फछर्यौट गरेकोमा सोको पुष्टयाई हुनेगरी सेवाग्राहीको विवरण राखेको देखिएन। उक्त पेश्की फछर्यौटको श्रेस्ता परीक्षण गर्दा वडा नं. ८ का वडा अध्यक्ष तारा प्रसाद खनाललाई आफ्नो वडा भित्रको अनुगमन गरे वापत भत्ता भुक्तानी गर्न नमिल्नेमा रु.४०००.०० दैनिक भ्रमण भत्ता भुक्तानी गरेको, नगर उप प्रमुख अम्बिका चलाउनेलाई तोकिएभन्दा रु.१८००.०० बढी भुक्तानी गरेको, खाजाखर्च बापत तोकिएको रकम स्वयमले बुझिलिएकोमा पुनः रु.४८००.०० को बिल संलग्न गरी दोहोरो खर्च लेखेको एवं शिबिरमा खटिए बापत दैनिक रु.७००.०० का दरले २ चरणको (करबाहेक) रु.१४२८०.०० भत्ता बुझ्न मिल्ने देखिएकोमा रु.२०४००.०० बुझिलिएकोले रु.६१२०.०० बढी बुझेको देखियो । अतः दिन नमिल्ने रकम भुक्तानी दिएको, दोहोरो खर्च लेखेको एवं नर्म्स भन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने देखिएको रु.	१६,२७०
५४			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीयतहमा सूचीकृत बेरोजगार एवं विपन्न व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जिवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । सोही कार्यक्रममा यस नगरपालिका अन्तर्गत ९ वटा वडामा २३ योजना सञ्चालन गरी यस वर्ष ४१८ जनालाई १०० दिन रोजगारी उपलव्ध गराई रु.२१६१०६००.०० श्रमीक ज्यालामा खर्च गरेको छ । उक्त खर्चवाट लक्ष्यित वर्गमा अल्पकालीन रोजगारी सिर्जना हुने भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।	
५५			**समानीकरण अनुदानबाट शिक्षकको तलवभत्ता** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीयतहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका ६१ विद्यालय तथा ३७ प्रारम्भीक वालविकास केन्द्रका शिक्षकलार्इ क्रमश रु.१३५७४५२०.०० र रु.८६८८००.०० गरी जम्मा रु°१४४४३३२०.०० वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको पाईयो । विद्यालयको आन्तरिक श्रोतवाट नीजि शिक्षकको पारिश्रमिक भुक्तानी हुने गरी नियुक्त निजी शिक्षकलाई विद्यालय अनुदानवाट तलव भत्ता भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	
५६			**बढी भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको पुष्टयाई हुने गरी खर्च लेख्नुपर्ने उल्लेख छ । नगरपालिकाले निम्नानुसार सप्लायर्सलार्इ संलग्न विल भरपाई भन्दा बढी खर्च लेखेको पार्इयो । संलग्न विल भरपाई भन्दा बढी भुक्तानी रकम रु°५३,८५२.०० असुल हुनुपर्ने रु.	५३,८५२

https://nams.oag.gov.np

गो॰भौ॰नं॰	सप्लायर्सको नाम	भुक्तानी रकम	संलग्न वीलभपार्इ	वढि भुक्तानी रु॰
५-२०७७।६।२१	नगर शिक्षा समिति,पाठ्यक्रम समायोजन समिति वैठक शिक्षा संयोजक पहलसिह नेपाली	१००००००.००	९४६००.००	५४००.००
८१-२०७७।८।२१	पञ्चदेवल जनरल स्टोर्स एण्ड सप्लायर्स	१०३६१०.००	९२७४०.००	१०८७०.००
१३८-२०७७।९।२७	तारा भेकल्स सर्भिस सेन्टर	२४१८००.००	२०४२१८.००	३७५८२.००
जम्मा				५३८५२.००

५७ **दोहोरो भुक्तानी** १९,०५०

आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) अनुसार जिम्मेवार ब्यक्तीले सरकारी रकमको खर्च गर्दा रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी गर्नु पर्ने ब्यवस्था छ । नगरपालिकाले चेक जाँच नगरी एउटै मितिमा निम्नानुसार दोहोरो सुविधा भुक्तानी गरेको कर वाहेकको रकम रु॰६९,४५०.०० असुल गर्नु पर्ने रु॰

सि॰नं॰	नाम	रकम रु॰	कैफियत
१	पदम बहादुर माझी	१९५१०	कार्यालयमा हाजिर भएको समयमा भ्रमण भत्ता, भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
२	भरतराज अधिकारी	३४००	भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
३	नरेश न्यौपाने	५५६०	कार्यालयमा हाजिर भएको समयमा भ्रमण भत्ता, भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
४	ध्रुव बहादुर खत्री	७६५०	भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
५	हंशराज अधिकारी	११०५०	भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
६	खेमराज ढकाल	८७५५	भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
७	ललित बहादुर बुढा	८५०	भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
८	प्रशान्त अधिकारी	४२५०	भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
९	प्रेम वि॰क॰	८०००	कार्यालयमा हाजिर भएको समयमा भ्रमण भत्ता, भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
१०	रमेश धामी	४२५	भ्रमण गएको अवधीमा विभिन्न वैठकमा सहभागी भत्ता
	जम्मा	६९४५०	

कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको हंशराज अधिकारी र प्रेम वि.क.बाहेकको रु.५०४००।- मिति २०७८।८।१३ मा फर्स्यौट भएकोमा *NAMS Digitization* ***गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहाँ दर्शाइएको हो ।***

५८			**बिल भरपाई**	
५८.१			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको पुष्टयाई हुने गरी खर्च लेख्नुपर्ने उल्लेख छ । नगरपालिकाले गो॰भा॰नं॰२७६-२०७८।२।२, मनोज एण्ड आयुस एग्रोभेट सेन्टरवाट रु॰५०,०००.०० को ३५८ थान तरकारी	५०,०००

			मिनीकिट (रायो, मुला, धनिया, सिमि, केराउ) खरिद गरेकोमा कृषकलार्ई वितरण गरेको भरपाई लेखापरीक्षणको क्रममा पेश भएन । उक्त तरकारी मिनिकिट सम्वन्धित किसानलार्ई वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु०	
५८.२			गो०भा०नं० १५२-२०७७।१०।२८ वाट एभरेष्ट वायरलेस नेटवर्क प्रा०ली०लार्ई सञ्चार महशुल वापत विजक नं० २१५-२०७७।१०।६, २१४-१०७७।१०।६, २१६-२०७७।१०।६, २१७-२०७७।१०।६, २१८-२०७७।१०।६ वाट क्रमश रु०८१०००.००, रु.३७२९०.००, रु.१०८००.००, रु.२०३४०.००, रु.२०३४०.०० गरी कूल रु०१,६९,७७०.०० फोटोकपी विलको आधारमा भुक्तानी गरेको पार्ईयो ।उक्त भुक्तानीको सक्कल वील पेश गर्नुपर्ने रु०	१६९,७७०
५९			**सवारी साधन खरिद** अर्थ मन्त्रालयको स्थानीयतहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार नगरपालिकाले ३ थान मोटरसाइकल खरिद गरी रु.१०६१५८०.०० खर्च गरेको छ ।	
६०			**सामाजिक सुरक्षातर्फ** **सामाजिक सुरक्षातर्फ बढी निकासाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार लाभग्राहीको नाम दर्ता, नवीकरण र लगतकट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर नगरपालिकाले लाभग्राहीको लगत र घटना दर्ताको विवरण अद्यावधिक नगरेकोले यो वर्ष सामाजिक सुरक्षा भत्ता वापत रु.९६८१२९२७.०० वितरण गरेकोमा नगरपालिकाको प्रगती रिपोर्ट अनुसार रु.९६४८१६००.०० देखिएकोले रु.३३१३२७.०० फरक देखिएको सम्बन्धमा कार्यालयले केही उल्लेख नगरेको र वितरण गरेको भरपाइमा कुनै कुनै लाभग्राहीहरुको नागरिकता नम्वर, वालवालिकाहरुको हकमा संरक्षकको नाम उल्लेख नगरेको कारण पनि सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण छ/छैन भनी भिडान गर्न सकिएन । तसर्थ नगरपालिकाले तोकिएको कार्यविधी अनुसार अनिवार्य रुपमा लाभग्राही लगत अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्दछ। र लगत कट्टा र दोहोरो परेको रकम असुल गर्नुपर्ने रु.	६२,४००

नाम	जन्म मिति	ना.नं.	मासिक दर	वढी भुक्तानी	चौमासिक निकाशा
<u>वडा नं. १</u>					
पार्वती जैसी	२००७।१।७	६९२०५७/३९३९	३०००.००	१२०००.००	२०७७ फागुनमा लगत कट्टा गरेको
<u>वडा नं. २</u>					
लालचने दमाई	२०३०।१०।१०	६९२०५६/३९	१६००.००	६४००.००	दोश्रो चौमासिकमा दोहोरो देखिएको
<u>वडा नं. ८</u>					
पदमा देवी जैसी	२००३।१२।३०	६९३०५०/३२६	३०००.००	२४०००.००	लगतमा मृत्यू जनाएकोले ।
मनसरा देवी शाही र मनसरा शाही	२००४।११।२९	६९३५१/५९७	३०००.००	१२०००.००	दोश्रो चौमासिकको भरपाइमा दोहोरो देखिएकोले
सिउरी कामी र विउरी वि.क	२०३०।५।१२	६९३०५१/३६१	२०००.००	८०००.००	दोश्रो पुरै निकासा
पार्वती कु. जैसी	२०४९।४।५	६९३०७०/१३१२	०	०	तेस्रो चौमासिकमा भरपाइमा ल.क जनाएको तर महिना उल्लेख नभएकोले मिति एकिन गरी वढी भुक्तानी भएको भए असुल गर्ने ।
जम्माः				६२४००.००	

६१

बैंकमार्फत भत्ता वितरण नभएको

			सामाजिक सुरक्षा कायर्क्रम संचालन कार्यविधि २०७५ को दफा २२ मा स्थानीयतहले सशर्त अनुदानको सामाजिक भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर नगद वितरण गर्न नपाइने उल्लेख छ। तर नगरपालिकाले ९ वटा वडा मध्ये वडा नं.१ मा वैंक मार्फत कारोवार गरेको र बांकी ८ वटा वडामा प्रथम, दोश्रो र तेस्रो चौमासिकमा वैकिंङ्ग प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना नगद वितरण गरेको पाइयो । सम्बन्धित वडाले पेश्की फछर्यौट गरेको फाँटवारी हेर्दा सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीलेनै प्राप्त गरे नगरेको एकिन हुन सकेन । अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । लाभग्राहीहरुको मृत्यु भएमा, वसाई सराई गरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, वालविलकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नविकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नवुझेमा वा वैक मार्फत वितरण भएकोमा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीयतहले मूल अभिलेखवाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार सामाजिक सुरक्षाको लगत अद्यावधिक भएको देखिएन । अद्यावधिक लगतका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्थाको पूर्ण रुपमा पालना हुनुपर्दछ ।	
६२			**विवरण अद्यावधिक नगरेको** सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि, २०७५ को वुंदा नं १३ मा नाम दर्ता र नविकरणवाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीयतहले फागुन मसान्त भित्र विभागले सन्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम,आई.एस) मा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्नेमा समयमै सो कार्य गरेको देखिएन । उक्त व्यवस्थाको अनिवार्य पालना गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ।	
६३			**हिसाव मिलान नगरी निकासा** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा नं १४(४) मा नगरपालिकाले को.ले.नि.का मा भत्ता वापतको रकम निकासा माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निकासा माग गर्दा कार्यविधिमा भएको व्यवस्था वमोजिम अघिल्लो चौमासिकको हिसाव मिलान विवरण पेश गरी निकासा माग गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।	
६४			**विपद व्यवस्थापन समिति गठन** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीयतहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा तोकिए बमोजिमको समिति २०७७।६।११ मा गठन गरेको भएतापनि यो वर्ष १ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । वैठकले विभिन्न वडाहरुमा स्थापना गरिएका क्वारेन्टाइनस्थलमा मिति २०७७।२।१५ देखि हालसम्म भएको खाना खर्च, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको जोखिम भत्ता आदिको यथार्थ खर्चको विवरण तयार गर्न एक स्वतन्त्र उप समिति गठन गर्न आवश्यक भएको भनी नगर उप प्रमुख श्री अम्बिका कुमारी चलाउनेको संयोजकत्वमा कोभीड १९ खर्च लेखाजोखा उप समिति गठन गर्ने र उक्त समितिले तयार गरेको प्रतिवेदन तथा शिफारिसको आधारमा भुक्तानी दिने निर्णय भएको छ। तर उक्त उप समितिले कोभीड १९ को खर्च लेखाजोखा गरी कुनै प्रतिवेदन दिएको छैन । प्रतिवेदन वेगरनै नगरपालिकाले कोभीड १९ को खर्चको भुक्तानी गरेको छ ।	

६५			**कार्य योजना** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने सम्बन्धी व्यवस्था छ ।नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । अतः ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।	
६६			**विपद व्यवस्थापन कोष** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीयतहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । नगरपालिकाले गतवर्षको मौज्दात समेत रु.९६८०९४३.०० आम्दानी भई रु.९२१८४३४.०० खर्च गरी बाँकी रु.४६२५०९.०० देखिन्छ ।उक्त खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसारछन् । **६६.१** विपद् व्यवस्थापन कोषवाट कोभिड १९ नियन्त्रणको लागी आइसोलेशन वार्ड निर्माण, स्वास्थ्य सामाग्री खरिद, अक्सिजन सिलिण्डर खरिद, क्वारेन्टाइनमा काम गर्ने स्वास्थ्यकर्मीको तलव, क्वारेन्टाइनमा वसेकाको खाजा खाना खर्च, वेड खरिद आदीमा योवर्ष रु.८७६०६२१.०० खर्च लेखेको छ । **६६.२** देहायका क्वारेन्टाइनमा वसेकाको खाजा खाना खर्च वापत देहाय वमोजिमको खर्च लेखेकोमा क्वारेन्टाइनमा वसेकाहरुको अभिलेख, हाजिरी, खाजा तथा खानाको स्वीकृत नर्म्स संलग्न नगरी विलको आधारमा मात्र खर्च लेख्नाले खर्च पुष्टयाइ हुने कागजात संलग्न भएको छैन । खर्च पुष्टयाइ हुने कागजात संलग्न गरी खर्च लेख्नु पर्दछ ।	

https://nams.oag.gov.np

भौ.नं मिति	विवरण	रकम
१-२०७७।६।२८	वडा नं. १ जाल्पेश्वरी मा.वि को क्वारेन्टाइनमा वसेकाहरुको खाजा खाना खर्च रु	९५७५०.००
२-२०७७।६।२८	वडा नं. २ को सरस्वती आधारभूत विद्यालय क्वारेन्टाइनमा वसेकाहरुको खाजा खाना खर्च रु.	२८०५४०.००
३-२०७७।३।२८	वडा नं. ३ को क्वारेन्टाइनमा वसेकाहरुको खाजा खाना खर्च रु.	११७०८००.००
४-२०७७।६।२८	वडा नं.४ को क्वारेन्टाइनमा वसेकाहरुको खाजा खाना खर्च रु.	३९५७८०.००
१२-२०७७।७।३	वडा नं.३ र ४ को थप रकम क्वारेन्टाइनमा वसेकाहरुको खाजा खाना खर्च रु.	२८२८००.००
८-२०७७।६।२८	वडा नं.५ को क्वारेन्टाइनमा वसेकाहरुको खाजा खाना खर्च रु.	४५०४६५.००
५-२०७७।६।२८	वडा नं.६ को क्वारेन्टाइनमा वसेकाहरुको खाजा खाना खर्च रु.	६५५४९५.००
५-२०७७।६।२८	वडा नं.८ को क्वारेन्टाइनमा वसेकाहरुको खाजा खाना खर्च रु.	६०६८००.००
८-२०७७।६।२८	वडा नं.९ को क्वारेन्टाइनमा वसेकाहरुको खाजा खाना खर्च रु.	३२५५००.००

उक्त खर्चका विल भरपाई अधिकांश आर्थिक वर्ष २०७६।७७ को रहेको तर गतवर्ष भुक्तानी हुन नसकेको प्रमाण समेत संलग्न नरहेको ।

६६.३ क्वारेन्टाइनमा बसेका स्वयं सेवकहरुलाइ भत्तँ वितरण वापत तपेन्द्र धामीले भत्ता वुझेको आधारमा खर्च लेखेकोमा निजले स्वयं सेवकहरुलाई लेखापरीक्षण अवधीसम्म रकम वुझाएको प्रमाण संलग्न नभएकोले भत्ता रकम वुझाएको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

भौ. नं. मिति	भत्ता वुझाउन बांकी रकम	कैफियत
१-२०७७।६।२८	३०६००.००	
२-२०७७।६।२८	४२०००.००	
४-२०७७६।२८	२१८३२५.००	
५-२०७७।६।२८	४२५००.००	
८-२०७७।६।२८	९१५००.००	
जम्मा	४२५९२५.००	

कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको रु.४२४९२५।- मिति २०७८।८।१३ मा फस्यौंट भएकोमा *NAMS Digitization* ***गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहाँ दर्शाइएको हो ।***

६६.४ प्रकोष व्यवस्थापन कोष तर्फ पटक पटक गरी कट्टि गरिएको रु.२७२१६५.०० हालसम्म संचित कोष दाखिला भएको नदेखिएकोले उक्त रकम संचित कोष दाखिला हुनुपर्ने रु.

कार्यालयको प्रतिक्रियाउपर कारवाही हुँदा यस बुँदामा रहेको रु.२७२१६५।- मिति २०७८।८।१३ मा फस्यौंट भएकोमा *NAMS Digitization* ***गर्दा अभिलेख देखिनेसम्म प्रयोजनको लागि यहाँ दर्शाइएको हो ।***

६७

वार्षिक प्रतिवेदन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

६८

जिन्सी व्यवस्थापन र लगत अद्यावधिक

नगरपालिकामा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सामान सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई माग फारामको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो । अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण उक्त मालसामानहरु हराउन सक्ने देखिएकोले

			सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु नगरपालिकाकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ ।	
६९			**सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन। नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।	
७०			**पेश्की** आर्थिक वर्षको अन्त्यमा बांकी रहेको पेश्की मध्ये लेखापरीक्षण अवधीसम्म फछर्यौट भएको रकम घटाई म्याद नाघेको बांकी पेश्की रकम प्रचलित नियमावली वमोजिम फछर्यौट गर्नुपर्ने रु.	७,७८६,९१९

https://nams.oag.gov.np

सि.नं	पेश्कीको व्यहोरा	पेश्की लिनेको नाम	पेश्की रकम
	म्याद नाघेको		
१	भ्रमण पेश्की	प्र.प्र.अधिकृत पदम वहादुर माझी	२००००.००
२	वैठक सञ्चालन	त.स हंसराज अधिकारी	९००००.००
३	उद्दार राहत तथा पुनर्स्थापना	त.अ भरतराज अधिकारी	२८८०००.००
४	पोषण प्रवर्धन कार्यक्रम	त.स हंसराज अधिकारी	२९२०११.००
५	सभा सन्चालन खर्च	सहायक खेमराज ढकाल	२००००००.००
६	उद्धार राहत तथा पुनर्स्थापना	सहायक खेमराज ढकाल	८५८६००.००
७	मसलन्द तथा कार्यालय सामान	सू.प्र.अ ललित वहादुर वुढा	४५००.००
८	सवारी साधन मर्मत	सू.प्र.अ ललित वहादुर वुढा	२००००.००
९	आपतकालिन वालकोष स्थापना	हे.अ लोकेन्द्र वहादुर रावल	२००००००.००
१०	विविध खर्च	सहायक खेमराज ढकाल	२००००.००
११	आधारभूत तालिम	हे.अ भूपेन्द्र अधिकारी	२९९४००.००
१२	वाली संरक्षण	ना.प्रा.स महाजित वि.क	५००००.००
१३	तरकारी उत्पादन	ना.प्रा.स महाजित वि.क	३९६०००.००
१४	कम्पोजिट किट वितरण	ना.प्रा.स महाजित वि.क	९९९००.००

https://nams.oag.gov.np

१५	अगुवा कृषकलाइ तालिम	ना.प्रा.स महाजित वि.क	७००००.००
१६	वालदिवस	वैद्य गिता कुमारी वुढा	४००००.००
१७	महिलासंग उप प्रमुख कार्यक्रम	स.म.वि.नि भावना कुमारी शर्मा	४५००००.००
१८	जेष्ठ नागरिक सम्मान कार्यक्रम	स.म.वि.नि भावना कुमारी शर्मा	१५००००.००
१९	सिप विकास तथा आय आर्जन	स.म.वि.नि भावना कुमारी शर्मा	२००००००.००
२०	सहकारी संस्थाहरुको क्षमता विकास	स.म.वि.नि भावना कुमारी शर्मा	१००००००.००
२१	आमा समूहसंग साझेदारी कार्यक्रम	स.म.वि.नि भावना कुमारी शर्मा	१५००००.००
२२	वाख्रापालन सम्बन्धी सामाग्री र तालिम	ना.प.से.प्रा हरिचन्द्र वोगटी	१६००००.००
२३	महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम	हे.अ भूपेन्द्र अधिकारी	१६१५५०.००
२४	वार्षिक समिक्षा	हे.अ लक्ष्मी कान्त वजगाइ	९९७८०.००
२५	पोषण सम्वेदनशिल कार्यक्रम	ना.प.से.प्रा प्रेम प्रसाद जैसी	३५००००.००
२६	पोषण सम्वेदनशिल कार्यक्रम	शिक्षक पहल सिंह नेपाली	५५००००.००
२७	पोषण सम्वेदनशिल कार्यक्रम	स.म.वि.नि भावना कुमारी शर्मा	३०२०००.००
२८	पोषण विशेष कार्यक्रम	त.स हंसराज अधिकारी	९७३२०.००
२९	पोषण सम्वेदनशिल कार्यक्रम	त.स हंसराज अधिकारी	२५२६८०.००
३०	पोषण सुधार कार्यक्रम	सहायक खेमराज ढकाल	४४०००४.००
३१	लघु उद्यम कार्यक्रम	शिक्षक पहल सिंह नेपाली	१९२०००.००

				३२	पोषण विशेष कार्यक्रम	मंगल वहादुर शाही	२२६५५०.००	
				३३	सवारी साधन खरीद	अग्नी ईनकर्पोरेटेड प्रा.लि	९५६६२४.००	
					जम्मा		७७८६९१९.००	
					म्याद ननाघेको पेश्की			
				३४	नगरपालिका भवन निर्माण	ज्ञानज्योती मंगलदिप जे.भी	८३७५०००.००	
				३५	१० शैया अस्पताल	डाँफे पि.एस जे.भी	५७६५०००.००	
					जम्माः		१४१४००००.००	
७१			**आन्तरिक लेखापरीक्षणवाट औंल्याइएका देहायका व्यहोराहरु कायम गरिएको छ। उक्त वेरुजू समेत असुल फछ्र्यौट गर्नुपर्दछ ।** गो.भौ.नं.१३४ वाट इन्जिनियर माधव अधिकारी २०७७।७।१८ मा भ्रमणमा खटीएको अवधीमा अनुगमनमा खटिएको भनी सोही दिनको दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.					१,२७५
७२			**गो.भौ.नं.१७१-२०७८।३।२४ वाट** कार्यालय सहयोगी प्रमोद माझीलाइ २०७८।३।५ देखि ३।९ सम्म भ्रमण खटिएकोमा निज उक्त अवधीमा कार्यालयमा हाजिर भएको देखिएकोले भ्रमण खर्च रकम असुल गर्नुपर्ने रु.					४,६५०
७३			**गो.भौ.नं.१७३ वाट** कार्यालय सहयोगी लक्ष्मण वहादुर रावललाइ वढी दरले भ्रमण भत्ता भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.					१,३३५
७४			**गो.भौ.नं.१९४ वाट** कार्यालय सहयोगी रमेश धामीलाइ २०७७।९।१० देखि ९।१२ सम्म भ्रमण खटिएकोमा निज उक्त अवधीमा कार्यालयमा हाजिर भएको देखिएकोले भ्रमण खर्च रकम असुल गर्नुपर्ने रु.					२,४४०
७५			**गो.भौ.नं.३०६ वाट**					४,६७५

https://nams.oag.gov.np

			कार्यालय सहयोगी प्रमोद माझीलाई २०७८।२।४ देखि २।८ सम्म भ्रमण खटिएकोमा निज उक्त अवधीमा कार्यालयमा हाजिर भएको देखिएकोले भ्रमण खर्च रकम असुल गर्नुपर्ने रु.	
७६			**गो.भौ.नं.४४४ वाट** कार्यालय सहयोगी हेमन्त ढुंगाना २०७८।२।१९ देखि २।२४ सम्म भ्रमण खटिएकोमा निज उक्त अवधीमा कार्यालयमा हाजिर भएको देखिएकोले भ्रमण खर्च रकम असुल गर्नुपर्ने रु.	५,७७५
७७			**गो.भौ.नं.४४४ वाट** हँसराज अधिकारी २०७७।१०।१५ देखि १०।२० सम्म भ्रमण खटिएकोमा निज उक्त अवधीमा कार्यालयमा हाजिर भएको देखिएकोले भ्रमण खर्च रकम असुल गर्नुपर्ने रु.	५,६१०
७८			अनुगमन तथा सम्परीक्षण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु.१२७५.०० सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । (रु.हजारमा) गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) २१६९३१ | १ | २१६९३०	
७९			सम्परीक्षण यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । (रु.हजारमा) सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार (असुली | प्रमाण | नियमित | पेश्की) | सम्परीक्षण १ | २०७६।७७ | - | वैठक भत्ता हे.अ जनक वुढा | १ | - | - | - | १	
८०			अद्यावधिक बेरुजु	

https://nams.oag.gov.np

यस नगरपालिकाको २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	सम्परीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
२१६९३१	१	४९७११	-	२६६६४१